बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

मिति :२०७३।१०।१२

बी.सु.शा. ११३ (२०७३/०७४) च.नं. २४५१

श्री वैदेशिक रोजगार प्रबद्धन बोर्ड
**नयां बानेश्वर, काठमाण्डौ ।**

**बिषय : वैदेशिक रोजगार बीमा सम्बन्धमा ।**

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित एवं मर्यादित बनाउने प्रयत्न स्वरुप सम्माननीय प्रधानमन्त्रीज्यूबाट वैदेशिक रोजगार (म्यादी) जीवन बीमाका सम्बन्धमा भएको निर्देशन बमोजिम वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेखमा हाल भिसा अवधी भन्दा ६ महिना बढी अवधिको बीमा गर्ने अनिवार्य व्यवस्था भएकोमा सो अवधिलाई बढाई एक वर्ष गर्ने बीमालेखमा व्यवस्था गरिएको हुंदा सोको कार्यान्वयनका लागि व्यवस्था गरिदिनु हुन निर्णयानुसार अनुरोध गरिन्छ ।

श्रीमान कार्की
**निर्देशक**

**बोधार्थ:**
सम्माननीय प्रधानमन्त्रीज्यू
प्रधानमन्त्रीको स्वकीय सचिवालय,
**सिहंदरवार, काठमाण्डौ ।**

माननीय मन्त्रीज्यू,
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

माननीय राज्य मन्त्रीज्यू,
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

**श्रीमान सचिवज्यू,**
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

**सबै जीवन बीमकहरु**

बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

मिति :२०७३।१०।१२

बी.सु.शा. ११४ (२०७३/०७४) च.नं.२४५२

श्री राष्ट्रिय बीमा संस्थान,
श्री नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री नेपाल लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री लाइफ ईन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड,
श्री मेट लाइफ (ALICO)
श्री एशियन लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री सूर्या लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री गुरांस लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री प्राइम लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,

**विषय : वैदेशिक रोजगार बीमा सम्बन्धमा ।**

उपर्यक्त सम्बन्धमा हाल नविकरण नभएका वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेखहरुमा नेपाल सरकारले घोषणा गरेको दिन २०७३।१०।११ देखि २०७४।०१।११ सम्म मोहल्लत अवधि (Grace Period) को थप व्यवस्था गरिएको हुंदा सोही बमोजिम आवश्यक व्यवस्था गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ ।

श्रीमान कार्की
**निर्देशक**

**बोधार्थ:**
सम्माननीय प्रधानमन्त्रीज्यू
प्रधानमन्त्रीको स्वकीय सचिवालय,
**सिहंदरवार, काठमाण्डौ ।**

माननीय मन्त्रीज्यू,
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

माननीय राज्य मन्त्रीज्यू,
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

**श्रीमान सचिवज्यू,**
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

श्री वैदेशिक रोजगार प्रबद्धन बोर्ड
**नयां बानेश्वर, काठमाण्डौ ।**

नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बी.सु.शा. ११५ (२०७३/०७४) च.नं.

मिति :२०७३।१०।१३

श्री राष्ट्रिय बीमा संस्थान,
श्री नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री नेपाल लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री लाइफ ईन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड,
श्री मेट लाइफ (ALICO)
श्री एशियन लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री सूर्या लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री गुरांस लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री प्राइम लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,

**बिषय : वैदेशिक रोजगार बीमा सम्बन्धमा ।**

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित एवं मर्यादित बनाउने प्रयत्न स्वरुप मिति २०७३।१०।११ मा सम्माननीय प्रधानमन्त्रीज्यूबाट वैदेशिक रोजगार (म्यादी) जीवन बीमाका सम्बन्धमा भएको निर्देशनका बारेमा त्यस बीमकलाई अवगतै छ । सो समबन्धमा आवश्यक कार्यान्वयनको लागि पुर्व तयारी गर्नु हुन तथा बुंदा नं.११ मा "बीमा कम्पनीहरुले बीमितको परिवारको समेत चालु फोन नम्बर राख्ने र म्याद गुज्रनु अगावै नविकरण गर्न सूचित गर्ने व्यवस्था अनिवार्य गर्ने व्यवस्था मिलाउन बीमा समितिलाई निर्देशित गरिएको छ । साथै बीमा प्रदायक संस्थाहरुले बीमितलाई कम्तिमा ३० दिन भित्र तीन पटक सम्म मौखिक जानकारी दिई बीमा नविकरण गर्न सूचित नगरेको अवस्थाबाट बीमा फेल भएमा बीमा कम्पनी नै जवाफदेही हुने व्यवस्था मिलाउन समेत बीमा समितिलाई निर्देशन भैसकेको जानकारी गराउदछु ।" भन्ने निर्देशन भएको हुदा सो सम्बन्धमा तत्काल अभिलेख अद्यावधिक गर्ने गरी व्यवस्था गर्न हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

संलग्नः मिति २०७३।१०।१० मा सम्माननीय प्रधानमन्त्रीज्यूबाट भएको निर्देशन पाना थान-३

१०।१३
श्रीमान कार्की
**निर्देशक**

**बोधार्थः**

सम्माननीय प्रधानमन्त्रीज्यू
प्रधानमन्त्रीको स्वकीय सचिवालय,
**सिहंदरवार, काठमाण्डौ ।**

माननीय मन्त्रीज्यू,
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

माननीय राज्य मन्त्रीज्यू,
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

श्रीमान सचिवज्यू,
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

मिति :२०७३।१०।१४

बी.सु.शा. ११६ (२०७३/०७४) च.नं.२४८३

श्री राष्ट्रिय बीमा संस्थान,
श्री नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री नेपाल लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री लाइफ ईन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड,
श्री मेट लाइफ (ALICO)
श्री एशियन लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री सूर्या लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री गुरांस लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,
श्री प्राइम लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड,

**बिषय : घातक रोग सम्बन्धी पुरक करार सम्बन्धमा ।**

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित एवं मर्यादित बनाउने प्रयत्न स्वरुप मिति २०७३।१०।११ मा सम्माननीय प्रधानमन्त्रीज्यूबाट वैदेशिक रोजगार (म्यादी) जीवन बीमाका सम्बन्धमा भएको निर्देशनका बारेमा त्यस बीमकलाई अवगत नै छ । सो सम्बन्धमा आवश्यक कार्यान्वयनका लागि वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख अन्तर्गत देहाय बमोजिमका रोगहरु समावेश गरी मिति २०७३।१०।१५ गते देखि घातक रोग सम्बन्धी पुरक करार द्धारा बीमाङ्क रु ५ लाखमा बीमाशुल्क एक मुष्ठ रु.४००।- कायम गरी जारी गर्ने व्यवस्था गरिएको हुंदा सो बमोजिम गर्नु गराउनु हुन निणर्यानुसार अनुरोध गरिन्छ ।

**घातक रोगहरुः Cancer, Kidney Failure, Primary Pulmonary Arterial Hypertension, Multiple Sclerosis, Major Organ Transplant, Coronary artery by-pass graft, Aorta Graft Surgery, Heart Valve Surgery, Stroke, Myocardial Infarction (First Heart Attack), Coma, Total Blindness, Paralysis, Benign brain tumor and Mental Illness caused due to accident (Traumatic)**

२०७३/१०/१४

श्रीमान कार्की
**निर्देशक**

**बोधार्थः**
सम्माननीय प्रधानमन्त्रीज्यू
प्रधानमन्त्रीको स्वकीय सचिवालय,
**सिहंदरवार, काठमाण्डौ ।**

माननीय मन्त्रीज्यू,
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

माननीय राज्य मन्त्रीज्यू,
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

श्रीमान सचिवज्यू,
श्रम तथा रोजगार मंत्रालय
**सिहंदरवार, काठमाण्डौ ।**

श्री वैदेशिक रोजगार प्रबद्धन बोर्ड
**नयां बानेश्वर, काठमाण्डौ ।**

... फोनः ०१-५५२१०७९, ५५३८७४३, फ्याक्सः ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९

# वैदेशिक रोजगारलाई सुरक्षित,व्यवस्थित एवं मर्यादित बनाउने प्रयत्न स्वरुप

## सम्माननीय प्रधानमन्त्री श्री पुष्प कमल दाहाल 'प्रचण्ड' ज्यूबाट

## वैदेशिक रोजगार ( म्यादी ) जीवन बीमाका सम्बन्धमा

## भएको निर्देशन

## तथा

## नयां व्यवस्थाहरु बारे जानकारी गराउन आयोजित

## पत्रकार भेटघाट कार्यक्रम

मिति २०७३/१०/ ११/

देशभित्र पर्याप्त रोजगारीका अवसरहरु उपलब्ध नभैरहेको वर्तमान स्थितिमा वैदेशिक रोजगारी नेपालका युवा जनशक्तिको वैकल्पिक रोजगार र आय आर्जनको एक मुख्य माध्यम बनेको हामी सबैलाई विदितै छ । तर यस सेवामा सेवाग्राहीको पहुँच नभएको, पर्याप्त सूचनाको अभाव, ठगी र अनियमितताको विगविगी व्याप्त देखिने गरेको अवस्था विद्यमान छ । मुलुकभित्रको वैदेशिक रोजगार सम्बन्धी व्यवस्थापकीय कमजोरीको कारण विदेशमा समेत नेपाली कामदारहरुले समस्याहरु भोग्नु परेको छ । यस क्षेत्रमा भएका सुधारका प्रयासहरु यसको आकारका दृष्टिले निकै नै कमजोर बनेको मैले महसूस गरेको छु । यसै कुरालाई मध्यनजर गरी मैले वर्तमान सरकार गठन भएदेखि नै वैदेशिक रोजगारीमा जाने नेपालीहरुका समस्या समाधान गर्ने कार्यलाई प्रमुख प्राथमिकतामा राखी काम गर्दै आइरहेको छु । यसका लागि मैले परराष्ट्र, श्रम र गृह मन्त्रालयलाई पनि निर्देशन गरिरहेको कुरा समेत यहाहरुलाई जानकारी नै छ । वर्तमान सरकार बनेपछि वैदेशिक रोजगारमा जाने नेपालीले पाएको दुःख पीडा सम्बन्धमा मेरोमा आएका हजारौ गुनासा र म पछिल्लो समय यूएइ भ्रमणमा जादा देखिएको त्यहांको यथार्थता पश्चात् उच्च कार्यकारी तहबाट नै यस सम्बन्धमा केही गर्नुपर्ने मलाई भित्रैबाट महसूस भयो । यसै सन्दर्भमा हाल नेपालबाट वैदेशिक रोजगारीमा जानेहरुको संख्यामा वृद्धि भएसंगै यसमा जोखिम पनि संगसंगै बढिरहेको सन्दर्भमा नेपाल सरकारले वैदेशिक रोजगार (म्यादी) जीवन बीमा सम्बन्धमा गरेका केही नयां र महत्वपूर्ण व्यवस्था सम्बन्धमा जानकारी गराउन यहांहरुलाई आजको यो पत्रकार भेटघाट कार्यक्रममा निमन्त्रणा गरिएको व्यहोरा अवगत गराउंछु । अब म सो सम्बन्धमा जानकारी गराउन चाहन्छु ।

१. वैदेशिक रोजगारमा गएका नेपाली कामदारको बीमा सुविधामा विस्तार गरी कामदारको स्वास्थ्य बीमा तर्फ साविकको सुरक्षा तथा सुविधालाई विस्तार गरी जीवन बीमा, आयको नोक्सानी लगायतका सुविधाहरुका अतिरिक्त मृगौला फेल, क्यान्सर जस्ता बिभिन्न १५

प्रकारका घातक रोग (critical illness) * बापत थप ५ लाख बीमाङ्क बराबरको बीमा हुने नयाँ व्यवस्था गरिएको छ। यो व्यवस्था पछि कामदारले सम्बन्धित बीमा कंम्पनीबाट २० लाख सम्म बीमा रकम पाउन सक्ने छन् । यो व्यवस्था मिति २०७३ फाल्गुण १ गते बाट लागू हुनेछ।

२. यसैगरी वैदेशिक रोजगारमा जाने कामदारहरुले जम्मा गरेको कल्याणकारी कोषलाई कामदारको हितमा अधिकतम रुपमा प्रयोग हुने व्यवस्था गर्ने सम्बन्धमा मैले व्यवस्थापिका संसदमा वैदेशिक रोजगारमा रहंदा मृत्यु भएका मृतकका परिवारलाई साविकमा दिइँदै आएको क्षतिपूर्ति रकम रु. तीन लाखमा रु. ४ लाख थपेर रु. सात लाख पुऱ्याइने घोषणा गरे अनुसार बैदेशिक रोजगार नियमाबली २०६४ संसोधनको प्रकृयामा रहेको छ । यस संशोधनबाट वैदेशिक रोजगारको क्रममा दुर्घटनामा परी उपचार गर्न वा जीवन गुमाउने नेपाली कामदारलाई दिइने आर्थिक सहायताका साविक रु ३ लाखमा ४ लाख बृद्धि गरी रु ७ लाख पुऱ्याइने छ। यसरी  थप हुदाँ कामदारले पाउने रकम २७ लाख सम्म पुग्नेछ।

<u>यो व्यवस्था बारेमा थप जानकारी</u>

मृगौला फेलर, क्यान्सर जस्ता बिभिन्न १५ प्रकारका घातक रोग लागेमा तत्काल क्षतिपूर्ति पाउने गरी थप ५ लाखको बीमा हुने ब्यबस्था मिलाईएकोछ । साथै तीन महिना भित्र मानसिक रोगलाई समेत घातक रोगको सूची भित्र समावेस गरि क्षतिपुर्ति दिलाउने सम्बन्धमा आवश्यक गृहकार्य गर्न समेत बीमा समितीलाई निर्देशन दिईएको छ ।

* बीमालेखले रक्षावरण गर्ने घातक रोगहरु (**Critical Illness**) :

Cancer, Kidney failure, Primary Pulmonary Arterial hypertension, Multiple Sclerosis, Major organ transplant, Coronary artery bypass grafts, aorta graft surgery, Heart valve surgery, stroke, myocardial infarction (first heart attack), coma, total blindness, paralysis, benign brain tumor,mental illness caused due to accident (trumatic ).

घातक रोग (Critical Illness) लागी मृत्यु नभएको तर शारीरिक रुपले मृत्यु सरह मानिने अवस्था प्रमाणित भएमा किया खर्च र शव ल्याउने खर्च बाहेक बीमाबाट १३ लाख सम्म, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट ३ लाख र घातक रोग बापत ५ लाख गरी कुल १८ लाख सम्म प्राप्त हुनेछ ।

अस्वस्थताको अवस्थामा घातक रोग अन्तर्गतको तत्काल पाइने बीमा दाबी ब्यबस्था गरिएको छ । अब नयाँ ब्यबस्था अनुसार घातक रोग प्रमाणित भएमा बीमाबाट प्राप्त हुने सबै रकम बीमीतले तत्काल पाउन  सक्नेछन । यसरी प्राप्त हुने रकमले बिरामीलाई उपचार गराउन सहयोग पुग्नेछ ।

बीमाबाट कामदारले पाउने रकमको शीर्षकहरु :

जीवन बीमा वापत : रु. १० लाख

वीमितको आयको नोक्सानी वापत : रु. २ लाख

क्रिया खर्च बापत : रु १ लाख

औषधी उपचार खर्च बापत : रु १ लाख सम्म

शव ल्याउन खर्च बापत : रु. १ लाख

**घातक रोग बापत : रु ५ लाख**

**कूल रकम : रु २० लाख सम्म**

यस अघि नै बीमा गरि सकेका तर म्याद नसकिएका नागरिकहरुले घातक रोग र बीमाको पछिल्लो व्यवस्था बमोजिम रक्षावरणको सुविधा लिन चाहेमा समानुपातिक थप शुल्क बुझाएर लिन सकिने व्यवस्था गरिएको छ ।

३. रोजगारीको लागि भारत जाने सबै वालिग नागरिकहरुको बीमा हुने व्यवस्थाका लागि गृह, परराष्ट्र र श्रम मन्त्रालयका प्रतिनिधि सम्मिलित एक अध्ययन कार्यदल बनाउने व्यहोरा जानकारी गराउंछु । उक्त कार्यदलले २ महिना भित्र अध्ययन गरी कार्यविधि सहितको प्रतिवेदन पेश गरे पश्चात् यस सम्बन्धमा छिट्टै आवश्यक निर्णय लिइने छ ।

रोजगारीको लागि भारत जाने नेपाली नागरिकहरुको संख्या लाखौं छ । अहिले सम्म भारत जाने नागरिकलाई वैदेशिक रोजगारीको परिभाषा भित्र नराखिएको र बीमा लगायतबाट रक्षावरण व्यवस्था समेत नभएको अवस्था हुंदा यो गर्नु जरुरी भएको ।

४.तीन महिनाको लागि वैदेशिक रोजगार ( म्यादि ) जीवन बीमाको मोहलत अवधिको ( ग्रेस पिरियड ) नविकरण हुने नयाँ व्यवस्था गरिएको जानकारी गराउंछु । यो व्यवस्थाले बीमा नविकरण नहुदै वैदेशिक रोजगारीमा रहेका कुनै नागरिकको मृत्यु भएमा वा अंग भंग वा विरामी भै बीमा दावी गर्न योग्य क्षति पुगेमा बीमाको स्वत : नविकरण भएको मानी रक्षावरण गरिनेछ । यो व्यवस्था आज कै मिति देखि लागू हुने समेत जानकारी गराउंछु ।

मिति २०७३/ ,१०/ ११/ देखि २०७४/ ०१/११ सम्म वैदेशिक रोजगारीमा रहेका कुनै नागरिकको बीमा नविकरण नहुदै मृत्यु, अंग भंग वा बिरामी लगायत बीमा दावी गर्न योग्य क्षति पुगे बीमाले स्वत: रक्षावरण गर्नेछ । यो व्यवस्थाले विदेशमा रहेका संम्पूर्ण नेपाली कामदारलाई तत्काल आर्थिक सुरक्षा मिल्ने अपेक्षा गरिएको छ ।

यो व्यवस्था नेपाल सरकारको जमानत (ग्यारेन्टी ) मा हुनेछ र सरकारले प्रिमियम वापत तिर्नु पर्ने अनुमानित रकम मध्ये रु दश लाख बीमा समितिलाई छुट्टै खाता खोल्न लगाई तत्काल जम्मा गरि दिनेछ ।

५.आगामी तीन महिना भित्र घातक रोगको बीमा समेत समावेश गरि वैदेशिक रोजगारीमा रहेका संम्पूर्ण नागरिकहरुको अनिवार्य बीमा नविकरण गर्ने व्यवस्था मिलाईएको छ ।

६. वैदेशिक रोजगारमा जाने नेपाली कामदारको बीमा अवधिलाई २०७३ साल फाल्गुण १ गते देखि नै लागू हुने गरी करार अवधि भन्दा थप एक बर्ष कायम हुने नयाँ व्यवस्था

मिलाइएको छ। यो व्यवस्थाले बीमाबाट नागरिकहरुलाई मध्यपूर्वका कतिपय देशहरुलाई ३ र मलेसियालाई ४ वर्ष सम्म रक्षावरण गर्नेछ।

हाल करार अवधि भन्दा छ महिना बढिको बीमा गर्ने व्यवस्था भएकोमा अब सो अवधि वृद्धि भै एक वर्षको हुनेछ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कल्याणकारी कोषबाट कामदारलाई प्रदान गरिने रकमको अबधि समेत सोही बमोजिम हुने गरि फाल्गुण १ गते भित्र वैदेशिक रोजगार नियमावली संसोधन गरि लागू गर्न समेत श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिईएकोछ।

७. मेडिकल फेल भएर फर्किएका नागरिकहरुलाई दाबी गर्ने हद म्याद नराखी पिडितलाई सहजै क्षतिपुर्ति दिलाउन साविकको व्यवस्थामा सुधार गर्नु पर्ने आवश्यकता महसूस गरी कामदारको मेडिकल गर्ने स्वास्थ्य संस्थाबाट धरौटी लिई सो रकमबाट ४५ दिन भित्र सरकारी निकाय मार्फत नै क्षतिपूर्ति भुक्तान गर्ने व्यवस्था मिलाउन श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिएको छु।

वैदेशिक रोजगारमा जाने ब्यक्तिले नेपालमा गरेको स्वास्थ्य परिक्षण गन्तब्य मुलुकमा गई असफल भएको अबस्थामा फर्किएका नागरिकहरुलाई दाबी गर्ने हद म्याद नराखी सरल प्रकृयाबाट क्षतिपुर्ति रकम फिर्ता गर्ने ब्यबस्था ४५ दिन भित्र मिलाउन श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिईएकोछ।

र, त्यस्तो स्वास्थ्य जाँच गर्ने संस्थाहरुबाट बैंक ग्यारेन्टि वा धरौटी लिई सरकारी निकायबाटै क्षतिपूर्ति भुक्तान गर्ने व्यवस्था समेत ४५ दिन भित्र मिलाउन समेत श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिईएको छ।

८. विशेष अवस्थाका (जेल सजाय भोगी रहेका, विरामी भएको कारण कमाउन नसक्ने अवस्थामा रहेका) नागरिकहरुको बीमा नविकरण शुल्क सरकारले व्यहोर्ने नयाँ व्यवस्था मिलाईएको छ। यो व्यवस्था आजको मितिले तीन महिना सम्म मात्र कायम रहने छ।

बिभिन्न सामान्य अभियोगमा जेल सजाय भोगि रहेका,बिरामी भएको कारण कमाउन नसक्ने अबस्थामा रहेका जस्ता विशेष अबस्थाका नागरिकहरुको बीमा नविकरण शुल्क सरकारले व्यहोर्ने छ। यो ब्यबस्था समेत आज कै मिति देखि लागु हुनेछ।

९.दक्षिण कोरियाबाट शव ल्याउन दिने राहत रकमको विद्यमान व्यवस्थामा परिमार्जन गर्न श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिईएको छ।

मध्यपूर्व तथा मलेसियामा मृत्यु भएका नागरिकहरुको शव ल्याउन आर्थिक सहायता दिंदा बिभिन्न कानूनी कठिनाई भोग्नु पर्ने तर दक्षिण कोरियामा मृत्यु भएका नागरिकहको शव ल्याउन तत्काल कम्तिमा ५ लाख देखि ७ लाख रुपैया सम्म भुक्तान गर्नु पर्ने अवस्था छ। यो व्यवस्थामा परिमार्जन गरी बीमा तथा रोजगारदाताले व्यहोर्ने रकममा अपुग भए मात्र बोर्डबाट थप रकम व्यहोर्ने अथवा कोरिया जाने नागरिकहरुबाट उठाइएको रकमबाटै व्यहोर्ने व्यवस्था मिलाउन श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिईएकोछ।

**यो गर्नु पर्ने कारणहरु :**

वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड स्थापना भएयता मृत्यु भएका ७० जना र अन्यलाई गरि बोर्डबाट कम्तिमा ३ करोड ३२ लाख रकम क्षतिपुर्ति तथा राहत बितरण गरिएको छ। जबकी कोरिया जाने कामदारबाट कल्याणकारी कोषमा हाल सम्म ४ करोड २१ लाख मात्र सहभागिता भएको छ। यस्तो सहभागिता प्रति व्यक्ति एक हजारको दरले हुन्छ र यो बार्षिक सरदर ६०/७० लाख मात्रै हुन्छ ( दक्षिण कोरिया जाने नागरिकहरुको वार्षिक संख्या ६/७ हजार हुने गरेको आधारमा ) । तर,बोर्डले बार्षिक करिब एक करोड सम्म राहत तथा क्षतिपुर्ति वितरण गरि रहेको छ । यसबाट अबको केहि समय पछि कोरिया गएका नागरिकहरुको शव ल्याउन पनि खाडि तथा मलेसिया गएका नागरिकहरुले जनाएका सहभागिता रकम पठाउनु पर्ने हुन सक्छ।

१०.वैदेशिक रोजगारमा जाने कामदारको कल्याणकारी कोषमा मुलुक र आम्दानी समेतलाई दृष्टिगत गरी योगदानपूर्ण सहभागिता गराउन श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिईएकोछ।

मध्यपूर्वमा काम गर्न जाने नागरिकहरुको करार अवधि २ बर्ष र मलेसिया जाने कामदारहरुको करार अबधि ३ बर्षको हुन्छ। त्यस्तै मध्यपूर्व र मलेसियामा काम गर्न जाने नागरिकहरुको औसत आम्दानी २५ हजार प्रति महिना हुन्छ। तर, दक्षिण कोरिया ४ वर्ष १० महिना र ईजरायल जाने कामदारहरुको करार अबधि ५ बर्षको हुन्छ। यी दुवै देशमा काम गर्ने नागरिकहरुको न्यूनतम आम्दानी हरेक महिना १ लाख २५ हजार हुन्छ । तर,उनीहरुले कल्याणकारी कोषमा गर्ने सहभागिता भने मध्यपूर्व र मलेसिया जाने नागरिकले गर्ने बराबर नै हुन्छ।

यस्तो व्यवस्थालाई यथाशीघ्र परिमार्जन गरि जुन सुकै देश गए पनि आम्दानी र करार अवधिको अनुपातको सिद्धान्तमा टेकेर २०७३ फाल्गुण १ गते भित्र सहभागिता रकमको सीमा तोक्न वैदेशिक रोजगार प्रवर्द्धन बोर्डलाई निर्देशन गर्न चाहन्छु।

११.बीमा कम्पनीहरुले बीमकको परिवारको समेत चालू फोन नंम्बर राख्ने र म्याद गुज्रनु अगावै नविकरण गर्न सूचित गर्ने व्यवस्था अनिवार्य गर्ने व्यवस्था मिलाउन बीमा समितिलाई निर्देशित गरिएको छ । साथै बीमा प्रदायक संस्थाहरुले बीमकलाई कम्तिमा ३० दिन भित्र कम्तिमा तीन पटक सम्म मौखिक जानकारी दिई बीमा नविकरण गर्न सूचित नगरेको अवस्थाबाट बीमा फेल भएमा र बीमकले क्षतिपूर्ति तथा राहत पाउनबाट वञ्चित भएमा सम्बन्धित वीमा कम्पनी नै जवाफदेहि हुने व्यवस्था मिलाउन समेत बीमा समितिलाई निर्देशन भैसकेको जानकारी गराउंछु।

१२. वैदेशिक रोजगारका क्षेत्रमा भएका व्यवस्थाहरुका बारे नियमित रुपमा संचार माध्यमहरुद्धारा प्रभावकारी प्रचार प्रसार गर्ने व्यवस्था मिलाउन श्रम तथा रोजगार मन्त्रालय,बीमा समिति तथा वैदेशिक रोजगार प्रबर्द्धन बोर्डलाई निर्देशन भैसकेको छ ।

१३. अन्तमा, वैदेशिक रोजगारमा जाने कामदार र उनीहरुको परिवारका लागि आज घोषणा गरिएका वैदेशिक रोजगार ( म्यादी ) जीवन बीमाका सम्बन्धमा कामदार र उनीहरुका परिवार समक्ष यथार्थ जानकारी पुऱ्याइ सहयोग गरिदिनु हुन सम्पूर्ण सञ्चारकर्मी मित्रहरुलाई अनुरोध गर्दछु । धन्यवाद ।

पुष्प कमल दाहाल ‘ प्रचण्ड ’

प्रधानमन्त्री

नेपाल सरकार